बैठक मितिः २०८०/०८/१२

बैठक सङ्ख्याः १५

छलफल तथा निर्णयः

१. राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ को उपदफा (२) को खण्ड (ञ) मा नेपाल सरकारबाट मनोनित हुने राष्ट्रिय विकास परिषद्का पच्चीस जना सदस्यको सम्बन्धमा जिल्ला समन्वय समितिका प्रमुखहरू, स्थानीय तहका प्रतिनिधिहरू, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्र लगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरूमध्येबाट कम्तिमा एक तिहाई महिलासहित पच्चीस जना सदस्य रहने व्यवस्था भएअनुसार संलग्न अनुसूचीमा उल्लेख गरिएका पच्चीस जना महानुभावहरूलाई परिषद्को सदस्यको रूपमा मनोनयन गर्नका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष सिफारिश गर्ने।

२. बहुक्षेत्रीय पोषण योजना - तेस्रो (आ.व.२०८०/८१-२०८७/८८) का सम्बन्धमा आयोगको बैठकमा प्राप्त सुझावहरुलाई समावेश गर्ने गरी अनुमोदन गर्ने। साथै उक्त दस्तावेजलाई स्वीकृतिका लागि नेपाल सरकार (मन्त्रिपरिषद) समक्ष पेश गर्न सिफारिश गर्ने।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिश भई आए अनुसार देहायका आयोजनाहरूलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९ बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने

१. सूर्यगढी गाउँपालिका, नुवाकोटको प्रशासकीय भवन निर्माण आयोजना,
२. मनहरी गाउँपालिका, मकवानपुरको प्रशासकीय भवन निर्माण आयोजना,
३. विनयी त्रिवेणी गाउँपालिका, दुम्कीवास, नवलपरासीको प्रशासकीय भवन निर्माण आयोजना
४. चौरी देउराली गाउँपालिका, काभ्रेपलान्चोकको प्रशासकीय भवन निर्माण आयोजना
५. भुम्लु गाउँपालिका, काभ्रेपलान्चोकको प्रशासकीय भवन निर्माण आयोजना
६. नारायण नगरपालिका, दैलेखको ल्याण्डफिल्ड साइट निर्माण आयोजना।